## तिनाउ गाउँपालिकाको दलित सशक्तीकरण गर्ने सम्बन्धमा बनेको ऐन, २०८३

सभावाट पारित मितिः २०८३।०३।३२
अध्यक्षबाट प्रमाणिकरण मिति:  २०८३।०४।२०

**२०८३ सालको ऐन नं.  १**

प्रस्तावनाः
दलित समुदाय माथी सदियौँ देखि हुदै आएका जातीय छुवाछुत, भेदभाव, हिंसा, अपमान, घृणा, बहिष्करण, शोषण तथा असमानताले दलित समुदाय राष्ट्रिय मुलप्रवाहिकरण हुन नसक्दा समतामुलक र समृद्ध समाजको निर्माण हुन नसकेको यथार्थलाई स्विकार गर्दै मौलिक हक लगायत संविधानको विभिन्न भागमा रहेका व्यवस्था लाई अक्षरस पालना गर्दै दलित समुदायको समयानुकुल विकास, सशक्तिकरण गर्न र छुवाछुतमुक्त पालिका बनाउदै समतामुलक समाज निर्माण र सम्वृद्ध तिनाउ निर्माण गर्न वाञ्छनिय भएकाले, तिनाउ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम तिनाउ गाउँपालिकाको **दलित सशक्तिकरण ऐन, २०८३** रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएपश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) “ऐन” भन्नाले तिनाउ गाउँपालिकाको **दलित सशक्तिकरण ऐन, २०८३**लाई सम्झनु पर्छ ।

(ख) “संविधान” भन्नाले नेपालको संविधान लाई सम्झनु पर्नेछ ।

(ग) “आयोग” भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्नेछ ।

(घ) “कसूर” भन्नाले मुलुकी अपराध संहिता २०७४ तथा जातीय तथा अन्य सामाजिक तथा विभेद (कसूर र सजाय) ऐन, २०६८ बमोजिम सजाय हुने कार्य सम्झनु पर्नेछ ।

(ङ) “संहिता” भन्नाले मुलुकी देवानी संहिता २०७४ तथा मुलुकी अपराध संहिता २०७४ लाई सम्झनु पर्नेछ ।

(च) “दलित समुदाय” भन्नाले राष्ट्रिय दलित आयोगले अनुसूचित गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनि परिभाषित र सूचीकृत गरेको समुदायलाई सम्झनु पर्छ ।

(छ) “जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव” भन्नाले सार्वजनिक तथा निजि दुवै स्थानमा जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने व्यवहार, असहिष्णुता एवं जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनु पर्दछ ।

(ज) “प्रदेश भन्नाले” नेपालको संविधानको अनुसूचि ४ बमोजिम लुम्बिनी प्रदेशमा समेटीएका जिल्लाहरुलाई ओगटेको नेपालको संघीय इकाइको क्षेत्र, भूभाग र स्वरुपलाई सम्झनु पर्दछ र

(झ) "प्रदेश सरकार” भन्नाले लुम्बिनी प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(ञ) “गाउँपालिका" भन्नाने तिनाउ गाउँपालिका सम्झनु पर्दछ।

(ट) “सार्वजनिक स्थान” भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा विक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ठ) “सार्वजनिक सेवा” भन्नाले सरकारी वा गैरसरकारी कार्यालय सार्वजनिक संस्था यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल होटन, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ।

(ड) “सार्वजनिक समारोह” भन्नाले भोज भतेर, पूजा-पाठ, पत्र अनुष्ठान जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक सांस्कृतिक समारोह सहनुपर्छ।

(ढ) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाने संविधान र अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्था गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ।

(ण) “सरोकारवाला” भन्नाले दलित हक तथा अधिकार सम्बन्धी काममा भुमिका देखिने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था तथा नागरीक समाज सम्झनु पर्दछ।

(त) “अनुगमन समिति भन्नाले” दफा 4 बमोजिम गठन हुने पालिकामा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन अनुगमन समिति सम्झनुपर्छ ।

**३. उद्देश्यः**

(१) दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा तिनाउ गाउँपालिकाको दृष्ट्रिकोण र योजना निर्दिष्ट गर्ने,

(२) गाउँपालिकाको दृष्ट्रिकोण र योजनामा सरोकारवाला निकाय तथा दलित समुदाय स्वयमको भुमिका किटान गरी अभ्यासमा ल्याउने,

(३) दलित समुदायको उत्थान र अधिकारका लागि सम्भावित गतिविधि र योजना बनाई सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने,

(४) दलित समुदायको उत्थान तथा अधिकारका लागि समय सापेक्ष योजना निर्माण गरी स्थानीय सरकार सरोकारवाला र अधिकार ग्राही समुदायको संलग्नतामा कार्यान्वनय गर्ने ।

**परिच्छेद -२**

## दलित अधिकार प्रबर्द्धन, शक्तिकरण तथा विकास सम्बन्धी व्यवस्था

### ४. तिनाउ गाउँपालिकाको दलित अधिकार प्रवर्द्धन, शक्तीकरण समितिः

(१) स्थानीय स्तरमा दलित अधिकार प्रवर्द्धन सशक्तीकरण, विकास, जातीय विभेद तथा छुवाछूतलाई घटनालाई नियन्त्रण गर्न तथा निगरानी गर्न तिनाउ गाउँपालिकामा देहाय बमोजिमको एक दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण समिति रहनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य – संयोजक

(ख) गाउँकार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्य - सदस्य

(ग) गाउँपालिकाको दलित महिला वडा सदस्यहरु मध्येबाट दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण समितिले नियुक्त गरेका २ जना -सदस्य

(घ) स्थानीय तहका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्ये दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण समितिले नियुक्त गरेको १ जना - सदस्य

(ङ) दलित अधिकारको क्षेत्रमा कार्यगर्दै आएका दलित समुदायको व्यक्तिमध्ये समितिले मनोनित गरेको स्थानीय १ जना महिला सहित ३ जना - सदस्य

(च) सामाजिक विकास समितिको संयोजक -सदस्य

(छ) इलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा आफ्नो स्थानीय तहको सम्बन्धित सरोकारवाला निकाय वा कुनै व्यक्ति वा कुनै विशेषज्ञ वा स्थानीय राजनीतिक दलको प्रतिनिधिलाई समितिको बैठकमा विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रत्येक वडामा वडा स्तरीय दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण समिति समेत गठन गर्न सकिनेछ । सफ समितिमा रहने सदस्यहरुको सम्बन्धमा दफा ४ (१) को समितिको निर्णय बमोजिम हुनेछ ।

### ५. तिनाउ गाउँपालिकाको दलित अधिकार प्रबर्द्धन, शक्तीकरण समितिको काम, कर्तव्य र अधिकारः

(१) यस ऐनको दफा ४ बमोजिम गठीत स्थानीय दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) दलितको सशक्तीकरण तथा विकास गर्नको लागि आवश्यक नीति, कार्यक्रम तथा वजेटको वारेमा छलफल गरि समितिवाट पारित गरि गाउँकार्यपालिकामा पेश गर्ने ।

(ख) तिनाउ गाउँपालिकाका दलित समुदायको सशक्तिकरण गर्न, छुवाछुतको व्यवहारिक अन्त्य लगायतका कार्य गर्न प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक कार्यहरु गर्दै आवश्यक नीति कार्यक्रम र बजेट छुट्याउन प्रेरित गर्ने र सहजिकरण गर्ने।

(ग) नेपाल पक्षराष्ट्र भएका सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक प्रतिवेदन लगायत अन्तराष्ट्रिय महासन्धि, घोषणा प्रतिबद्धताको साथै दीगो विकास लक्ष्य हासिल गर्नका लागि दलित समुदायको आर्थिक, सामाजिक,



तिनाउ

सास्कृतिक तथा राजनितिक अधिकारहरुको सुनिश्चितताको लागि आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागू गर्ने।

(घ) गाउँपालिकाले दलितको आर्थिक सामाजिक तथा सास्कृतिक अवस्थाको प्रतिविम्व हुने तथ्यांक लिने तथा त्यसलाई अध्यावधिक गर्दै जाने स्थानीय स्तरमा दलित समुदायको हक संरक्षण र हितप्रबर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्यहरु गर्ने।

(च) गाँउपालिकामा जातीय विभेद तथा छुवाछुतका घटना घटेमा त्यसको अनुगमन गरि पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन कानून बमोजिम गर्न गराउन आवश्यक पहल गर्ने।

(छ) पीडित हिंसामा परि सुरक्षा दिनु पर्ने अवस्था देखिए अन्य निकायसँग समन्वय गरि सुरक्षा तथा रेखदेख गर्ने ।

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(झ) अनुगमन समितिको बैठक सम्वन्धी अन्य कार्यविधि गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद ३**

**शिक्षा सम्बन्धी व्यवस्था**

**६. दलित समुदायलाई निःशुल्क शिक्षाः** नेपालको संविधानको धारा ३१ र धारा ४० (२) बमोजिम दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्या गरीनेछ प्रविधिक तथा व्यवसायिक उच्च शिक्षा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**परिच्छेद ४**

**स्वास्थ्य सम्बन्धी व्यवस्था**

**७. दलित समुदायलाई निःशुल्क स्वास्थ्य**: नेपालको संविधानको धारा ३५ र ४० को उपधारा ३ अनुसार दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**परिच्छेद ५**

**सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था**

**८. दलित समुदायलाई सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था**: नेपालको संविधानको धारा ४० अनुसार दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**परिच्छेद -६**

**दलित समुदायको परम्परागत पेशा, सीप तथा व्यवसायको बिकास सम्बन्धी व्यवस्था**

**९. परम्परागत सीप तथा व्यवसायको विकास सम्बन्धी व्यवस्थाः**

तिनाउ गाउँपालिका

(१) कानुन वमोजिम दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग संरक्षण र विकास गर्ने हक हुनेछ। स्थानीय तहले दलित समुदायका परमपरागत पेशासँग सम्बन्धीत आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिइ त्यसका लागि आवश्यक पर्ने सीप र श्रोतको उपलव्ध गराइनेछ।

(२) दलितहरुको परम्परागत घरेलु सीप र सो ले समुदायमा पारेको सकारात्मक प्रभावका वारेमा गाउँपालिकाको स्थानीय पाठ्यक्रममा समेट्न सकिनेछ।

## परिच्छेद - ७
## छुवाछुत तथा जातीय विभेद उन्मूलनसम्बन्धी व्यवस्था

**१६. छुवाछूत तथा जातीय विभेद उन्मूलनसम्बन्धी व्यवस्थाः**

(१) तिनाउ गाउँपालिकाले छुवाछुत तथा जातीय विभेद उन्मुलन सम्बन्धमा आवश्यक कार्यक्रम गर्नेछ।

## परिच्छेद-८
## विविध व्यवस्था

१७. नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारः

(१) यो ऐन कार्यान्वियन गर्न कार्यपालिकाले आबश्यकता अनुसार एकै वा पृथक पृथक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधिनमा रही कार्यपालिकाले आबश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नियम कार्यविधि र निर्देशिका बनाउँदा यस ऐन र राष्ट्रिय दलित आयोगले निर्धारण गरेको कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन तथा मार्गदर्शनलाई समेतलाई आधार लिनुपर्नेछ।

तिनाउ गाउँपालिका

तिनाउ गाउँपालिका